त्रिभुवन विश्वविद्यालय
व्यवस्थापन संकाय, डीनको कार्यालय,
कीर्तिपुर ।

# सेमेष्टर प्रणाली अन्तर्गत स्नातक र स्नातकोत्तर तहमा स्थानान्तरण सम्बन्धी सूचना

त्रि.वि. व्यवस्थापन संकाय, डीनको कार्यालयको मिति २०७६ । ०१ । ०२ गतेको विद्यापरिषद् स्थायी समितिको निर्णय अनुसार यस संकायबाट संचालित सेमेष्टर प्रणाली अन्तर्गत रहेको स्नातकोत्तर तहमा भर्ना भएका विद्यार्थीहरुले नियमानुसार प्रक्रिया अवलम्बन गरी स्थानान्तरणका लागि माग गर्दा दोश्रो र तेस्रो सेमेष्टरमा मात्र परीक्षा सम्पन्न भएको अन्तिम दिन पछिको ३० दिन भित्र तथा सेमेष्टर प्रणाली अन्तर्गत रहेको स्नातक तहमा भर्ना भएका विद्यार्थीहरुले नियमानुसार प्रक्रिया अवलम्बन गरी स्थानान्तरणका लागि माग गर्दा दोश्रो, तेस्रो, चौथो, पाचौ, छैठौं र सातौ सेमेष्टरमा मात्र परीक्षा सम्पन्न भएको अन्तिम दिन पछिको १५ दिन भित्र स्थानान्तरण हुने व्यहोरा सम्बन्धीत सबैलाई जानकारी गराइन्छ ।

**सो कार्यका लागि चाहिने कागजातहरु :**

- हाल अध्ययनरत र स्थानान्तरण हुने दुवै क्याम्पसको डीन कार्यालयलाई लेखिएको सहमति पत्र,
- विद्यार्थीको रजिष्ट्रेसन कार्डको छाँयाकपि,
- सम्बन्धित विद्यार्थीको निवेदन र
- नियमानुसार लाग्ने शुल्क स्नातकोत्तर तहको लागि रु. १५००।- र स्नातक तहको लागि १०००।- यस संकायको नेपाल बैंक लि. को चल्ति खाता नं. ०४५००१०००९९०६६०००००१ मा जम्मा गरेको बैंक भौचर पेश भएको अवस्थामा मात्र स्थानान्तरणका लागि स्वीकृति दिन सकिने छ ।